# प्रदेश सभा

# अर्थ विकास तथा प्राकृतिक स्रोत समिति

सुदूरपश्चिम प्रदेश धनगढी, कैलाली

**वैठक संख्या :- ०१**

मिति २०८०।०२।१४

## छलफल तथा निर्णय

निर्णय १

सुदूरपश्चिम प्रदेश सभा नियमावली, २०७४ को नियम १५१ को उपनियम (२) बमोजिम अर्थ, विकास तथा प्राकृतिक श्रोत समितिको सभापतिको निर्वाचन नभएको अवस्थामा यस समितिमा मनोनयन हुनुभएका मा. सदस्यहरुमध्ये सबैभन्दा जेष्ठ सदस्य माननीय मान बहादुर रावललाई अर्को व्यवस्था नभएसम्मका लागि ज्येष्ठ सदस्यमा चयन गर्ने र निजकै अध्यक्षतामा समितिका आगामि बैठकहरु सञ्चालन गर्ने निर्णय गरियो ।

निर्णय २

समितिको बैठक सञ्चालन तथा समितिका सदस्यहरुको लागि कार्यकक्ष तथा हलको समस्या उत्पन्न भएकोले साविकमा समितिका कार्यकक्ष रहेका कोठाहरु यथाशिघ्र समितिलाई उपलब्ध गराउने व्यवस्था मिलाउनका लागि प्रदेश सभा सचिवालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय ३

अर्थ, विकास तथा प्राकृतिक श्रोत समितिको कार्यविधि, २०७५ लाई अध्ययन पश्चात समितिको अर्को बैठकमा छलफल गर्ने प्रयोजनका लागि समितिका माननीय सदस्यहरुलाई वितरण गरियो ।

निर्णय ४

यस समितिको कार्यक्षेत्रभित्र पर्ने तपशिलमा उल्लिखित मन्त्रालयका माननीय मन्त्री र सचिवलाई सम्बन्धित मन्त्रालयको चालु आ.व.को कार्यक्रम कार्यान्वयनको अवस्था स्पष्ट पार्ने गरी हालसम्मको प्रगति विवरण र आगामि वर्षको योजना सहितको विवरण तयार गरी देहाय बमोजिमको मिति र समय बस्ने समितिको आगामी बैठकहरुमा आमन्त्रण गर्ने निर्णय गरियो ।

**तपशिल**

आर्थिक मामीला मन्त्रालय, सुदूरपश्चिम प्रदेश
- मिति २०८०।२।१६ दिउँसो २:०० बजे

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, सुदूरपश्चिम प्रदेश
- मिति २०८०।२।१७ दिउँसो ३:०० बजे

भौतिक पुर्वाधार विकास मन्त्रालय, सुदूरपश्चिम प्रदेश
- मिति २०८०।२।१८ विहान ८:०० बजे